नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

## स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः ३० भाद्र २०८३

प्रतिवेदन नं : १८

### व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

| विषय | मुख्य विवरण |
|---|---|
| **मुख्य सहयोगी संस्था** | भारत सरकार (**Government of India)** बाट १०,००० बक्स **Chlorine Tablet** प्राप्त भएको |
| **प्राप्त सामग्री** | Chlorine Tablet (१ बक्समा १,००० ट्याब्लेट) गरी जम्मा १ करोड **Chlorine Tablet** प्राप्त |
| **वितरण गरिएको** | २०८३/०५/२७—२९ मा विभिन्न स्वास्थ्य संस्था तथा स्वास्थ्य शिविरमा **५,५५,६७७ इकाइ** औषधि तथा स्वास्थ्य सामग्री पठाइएको |
| **मुख्य प्राप्तकर्ता** | **स्वास्थ्य कार्यालय, नुवाकोटः ५,४६,८७० इकाइ**, स्वास्थ्य कार्यालय, रसुवाः ३,४७२ इकाइ र रसुवा स्वास्थ्य शिविरः २,३३५ इकाइ |
| **मुख्य वितरण सामग्री** | Chlorine Tablet, Pantoprazole, Disposable Mask, Aspirin, Enalapril, Atorvastatin, Amlodipine, Losartan लगायत |
| **हालको मौज्दात** | २०८३/०५/२९ साँझ ५ बजेसम्म **२५१ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री**, जम्मा **१,०९,००,३३९ इकाइ** मौज्दात रहेको |

*औषधि तथा स्वास्थ्य सामग्रीको अवस्था - २०८३/०५/२९*

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल १ वटा केस रिपोर्ट भएका छन्:
    - १ वटा Fever
    - ० वटा Fever with Cough
    - ० वटा Fever with Rash
    - ० वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको


- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।

## <u>मनोसामाजिक परामर्श</u>


- नुवाकोट, रसुवा, काठमाडौं, धादिङ्गका २९ वटा होल्डीङ्ग केन्द्रमा सम्पूर्ण बाढी प्रभावितलाई MHPSS तथा PFA सेवा प्रदान गरिएको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।
- मानसिक स्वास्थ्य सहयोगका क्रममा प्रभावित व्यक्तिहरूका लागि सीप अभिवृद्धिका गतिविधिहरू पनि सञ्चालन गर्रिंदै आएको छ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।


- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।

## १. मनोसामाजिक परामर्श






पछिल्लो २४ घण्टामा मानसिक स्वास्थ्य सहायता प्रदान गरिएको संख्या







## २. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोली परिचालन:



| क्र.स. | समस्या | समाधानका लागि पहलहरु |
|---|---|---|
| १. | होल्डिङ्ग केन्द्रबाट प्रभावित व्यक्तिहरू स्थानान्तरण भइरहेकाले समुदायस्तरसम्म निरन्तर MHPSS तथा PFA सेवा पुऱ्याउन चुनौती रहेको। | • स्थानीय तहसँगको समन्वयमा होल्डिङ्ग केन्द्रबाट स्थानान्तरण भएका तथा मूल बस्तीमा फर्किएका प्रभावित व्यक्तिलाई समुदायस्तरमै MHPSS तथा PFA सेवा उपलब्ध गराउने।<br>• समुदायमा केन्द्रित विशेषज्ञ सेवा सहितको टोलि स्थापना गरि दिर्घकालिन मानसिक स्वास्थ्य उपचार/परामर्श सेवा प्रदान गर्ने । |
| २. | प्रभावित व्यक्तिहरूको आवतजावत तथा स्थान परिवर्तनका कारण बढी संख्या रिपोर्ट हुने सम्भावना रहेको। | एकीकृत डिजिटल मानसिक स्वास्थ्य रिपोर्टिङ प्लेटफर्म विकासका लागि साझेदार संस्थाहर संग समन्वय गरी वास्तविक सेवाग्राही तथा सेवा/सत्रको संख्या सुनिश्चित गरिदै छ। |
| ३. | रसुवाका माथिल्लो तथा दुर्गम बस्तीहरूमा भौगोलिक कठिनाइ, यातायात तथा पहुँचको समस्याका कारण मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा पुऱ्याउन कठिनाइ रहेको। | दुर्गम तथा उच्च पहाडी क्षेत्रमा स्थानीय तहसँग समन्वय गरी आवश्यकताअनुसार विशेषज्ञ मानसिक स्वास्थ्य टोली परिचालन गर्ने क्रममा रहेका छौं। |
| ४. | दीर्घरोग भएका प्रभावित व्यक्तिहरूका लागि नियमित तथा आवश्यकताअनुसारका specific chronic disease medicines को निरन्तर उपलब्धता र आपूर्तिमा चुनौती रहेको। | दीर्घरोगी प्रभावित व्यक्तिहरूको आवश्यक औषधिको सूची तयार गरी स्थानीय तहसँगको समन्वयमा specific chronic disease medicines को आपूर्ति सुनिश्चित गर्न साझेदार संस्थासंग समन्वय भइरहेको । |
| ५. | दुर्गम तथा प्रभावित क्षेत्रमा IEC सामग्रीको नियमित आपूर्तिमा चुनौती रहेको। | प्रभावित केहि क्षेत्रमा IEC सामग्री पठाइएको र यस हफ्तामा सम्पूर्ण सामग्री पठाउने क्रममा रहेको । |

## परिवार कल्याण महाशाखा

- धादिङ् जिल्लाको गलौदी नामक आश्रय स्थलमा अस्थाई स्वास्थ्य Clinic स्थापना गरियो ।




## खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग )VPD) निगरानी अद्यावधिक:

- रसुवा र नुवाकोटका बाढी प्रभावित सबै पालिकामा **हैजाविरुद्धको खोप (OCV) अभियान सञ्चालन भइरहेको।**
- बाढीपछि **७ वटा शंकास्पद दादुरा (Measles) केस** रिपोर्ट भएकोमा रसुवाका ५ वटा नमुनाको परीक्षण नकारात्मक आएको र नुवाकोटबाट प्राप्त २ नमुना परीक्षणको क्रममा रहेको।
- नुवाकोटको देउराली प्राथमिक स्वास्थ्य केन्द्रबाट भदौ २७ गते रिपोर्ट भएको **शंकास्पद हैजाको केस Vibrio cholerae का लागि नकारात्मक** आएको।
- स्वास्थ्य संस्थास्तरमा **टेलिफोनमार्फत सिन्ड्रोमिक तथा केसमा आधारित रोग निगरानी** निरन्तर भइरहेको।
- स्वास्थ्यकर्मी, उद्धार टोली तथा घाइते व्यक्तिहरूका लागि **टिटानस–डिफ्थेरिया (Td) खोप** तथा अग्रपंक्तिका प्रतिकार्यकर्तालाई आवश्यक प्राविधिक सहयोग प्रदान भइरहेको।
- आजको दिनसम्म रसुवामा १२१९१ र नुवाकोटमा ३४२४१ जनाले OCV खोप लिएका (क्रमशः ३९% र ४४% कभरेज)।

| Districts | Municipality name | Vaccination progress | | | | | Sum Total (%) |
|---|---|---|---|---|---|---|---|
| | | 1 – 5 years | | 5 years and above | | Total | |
| | | Female | Male | Female | Male | | |
| Rasuwa | Gosaikunda Rural Municipality | 81 | 83 | 1223 | 1120 | 2507 | 12191 (39) |
| | Uttargaya Rural Municipality | 74 | 63 | 1063 | 929 | 2129 | |
| | Amachodigmo Rural Municipality | 109 | 143 | 1123 | 1009 | 2384 | |
| | Kalika Rural Municipality | 183 | 192 | 2594 | 2202 | 5171 | |
| Nuwakot | Bidur Municipality | 829 | 924 | 14377 | 11760 | 27920 | 34241 (44) |
| | Belkotgadhi Municipality | 132 | 139 | 1944 | 1458 | 3673 | |
| | Kispang Rural Municipality | 29 | 34 | 765 | 766 | 1594 | |
| | Tarkeshwor Rural Municipality | 17 | 19 | 542 | 476 | 1054 | |

- रसुवाका गोसाइँकुण्ड, उत्तरगया र आमाछोदिङ्मो गाउँपालिकामा **५७० जनाले Td खोप** तथा नुवाकोटमा APF मेडिकल टोलीमार्फत **१९ जनाले TT खोप** प्राप्त गरेका।

| District | Municipality Name | Vaccination progress | | | |
|---|---|---|---|---|---|
| | | Td | | TT | |
| | | Female | Male | Female | Male |
| Rasuwa | Gosaikunda Rural Municipality | 68 | 178 | | |
| | Uttargaya Rural Municipality | 44 | 102 | | |
| | Amachodigmo Rural Municipality | 55 | 123 | | |
| Nuwakot | Bidur Municipality | | | 1 | 18 |

- नुवाकोट र रसुवामा **MR खोप अभियानका लागि तयारी** तथा धादिङ, चितवन र गोरखाका बाँकी प्रभावित वडामा OCV अभियान सञ्चालनका लागि तयारी कार्य अघि बढाइएको।
- WHO र UNICEF बाट नियमित खोप सत्रको अनुगमन, OCV/Td अभियानको सुपरिवेक्षण तथा अभियानपश्चात् तथ्याङ्क व्यवस्थापनमा निरन्तर प्राविधिक सहयोग भइरहेको।



| मुख्य चुनौतीहरू | गरिएका उपायहरू |
| --- | --- |
| • **खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवाको अवस्था कमजोर रहेको**<br>• **OCV खोपको अपर्याप्तता**<br>• **MR खोप अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता**<br>• **विद्युत् आपूर्ति नभएका कारण Solar Refrigerator को आवश्यकता**<br>• **सडक पहुँच नभएको** | • थप OCV खोपका लागि ICG तथा PATH टोलीसँग अनुरोध गरिएको<br>• थप MR खोपका लागि MRP तथा UNICEF सँग अनुरोध गरिएको<br>• Solar Refrigerator यथाशीघ्र पठाउने योजना बनाइएको<br>• खोप ढुवानीका लागि हेलिकप्टर तथा ड्रोनको प्रयोग गरिएको |

## अनुसुची

**SORMAS** को **Daily Surveillance Report Module** मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु

२९ भाद्र १:०० देखि ३० भाद्र १२:५९ सम्म


### Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period, plus centres the registry holds at a population of 0.

| | Population | 14 Sep | Total |
|---|---|---|---|
| Shivalaya Basic School | 47 | 1 | 1 |
| Simle Basic School | 0 | N/A | 0 |
| Kalika Himalaya Ma Bi | 0 | N/A | 0 |
| Ji.Sa.Sa Hall | 0 | N/A | 0 |

## Bhotekoshi Flood 2026 Nutrition Sector Response

Key Activities Flow Diagram




Abbreviations : IMAM integrated management of acute malnutrition MUAC mid upper arm circumference WHZ weight for height z score SAM severe acute malnutrition MAM moderate acute malnutrition